नेपाल शिक्षक महासङ्घको तेस्रो राष्ट्रिय परिषद्का निर्णयहरू सार्वजनिक गर्न आयोजित पत्रकार भेटघाटमा प्रस्तुत गरिएको प्रेस नोट

नेपाल शिक्षक महासङ्घको तेस्रो राष्ट्रिय परिषद २०८३ साउन १६ र १७ गते काठमाडौं सम्पन्न गरियो । उक्त परिषदबाट समसायियिक विषयमा निम्नानुसार निर्णय गरिएको छ ।

१. नेपाल शिक्षक महासङ्घको विधान २०७१ मा तेस्रो संशोधनका लागि राष्ट्रिय समितिबाट पेस भएको मस्यौदामा आम शिक्षक-कर्मचारीको चाहना एवम् शिक्षा नियमावली दसौं संशोधनले गरेको व्यवस्थासमेतलाई मध्यनजर गरी प्रतिनिधिहरूबाट प्रस्तुत भएको सुझावहरू समावेश गरी संशोधित विधान पारित गरिएको छ ।

साथै संशोधित विधान अभिलेखीकरणको लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पेस गर्ने निर्णय यस परिषद्बाट गरिएको छ । परिषद्बाट संशोधित विधान शिक्षा नियमावली(दसौं संशोधन) को नियम १८७ को उपनियम ३ अनुसार स्वीकृतिको लागि शिक्षा तथा खेलकुद मन्त्रलयमा पेस गर्ने समेत निर्णय भएको छ । जस अनुसार २०८३।०४।२० गते संशोधित विधान मन्त्रालयमा पेस भई सकेको छ ।

२. आ.व. २०८३/०८४ मा नेपाल सरकारबाट प्रस्तुत बजेटबाट शिक्षक समेत सबै पेसाकर्मीलाई तलब बृद्धि ,प्रोत्साहन भत्ता र महङ्गीभत्ता उपलब्ध गराउँदै गर्दा विद्यालयमा रहेका पेसाकर्मीमध्ये प्रारम्भिक बालकक्षाका शिक्षक, विद्यालय कर्मचारी र सिकाइ अनुदान शिक्षकलाई उपलब्ध नगराएको देखिन्छ । चालु बजेटमा सरकारबाट भएको यो विभेदको नेपाल शिक्षक महासङ्घको तेस्रो राष्ट्रिय परिषदले विरोध गरेको छ । साथै प्रारम्भिक बालकक्षाका शिक्षक,विद्यालय कर्मचारी र सिकाइ अनुदान शिक्षकलाई समेत त्यो सुविधा उपलब्ध गराउन माग गर्ने निर्णय गरिएको छ ।

३. मिति २०८२ बैशाख १७ गते बसेको नेपाल सरकार, मन्त्री परिषद्को बैठकले निर्णय गरी सकेको शिक्षकका लागि दुर्गम(स्थानीय) भत्ता आजका मितिसम्म सम्बन्धित क्षेत्रका सबै शिक्षकलाई उपलब्ध गराइएको छैन । त्यसैले मन्त्री परिषद्को सो निर्णय कार्यान्वयन गरी स्थानीय भत्ता प्राप्त हुने स्थानमा काम गर्ने सबै

शिक्षकलाई निजामती सरह स्थानीय(दुर्गम) भत्ता उपलब्ध गराउन सरकारसँग परिषद्बाट जोडदार माग गरिएको छ।

४.अस्थायी शिक्षक-कर्मचारीको हवाला दिदै केही व्यक्तिहरूले अनधीकृत रुपमा फारम भराउने तथा क्युआर कोड उपलब्ध गराई रकमसमेत सङ्कलन गर्ने गरेको विषयप्रति नेशि महासङ्घको तेस्रो राष्ट्रिय परिषदको गम्भीर ध्यानाकर्षण भएको छ। सबै प्रकार अस्थायी शिक्षक(राहत, सांकेतिक उमावि, अस्थायी करार, बालकक्षा, सिकाइ अनुदान, विशेष शिक्षा एवम् प्राविधिक धार लगायत) तथा विद्यालय कर्मचारीको पक्षमा पक्षीकरण गर्ने आधिकारिक संस्था नेपाल शिक्षक महासङ्घ भएकोले यसै संस्थामा गोलबन्द भई आफ्ना मागमुद्दाको पक्षीकरणमा उभिन परिषद्ले सबै अस्थायी प्रकृतिका शिक्षक कर्मचारीसमक्ष आग्रह गरेको छ।

५. नेपाल शिक्षक महासङ्घ र नेपाल सरकार बिच भएका सहमतीअनुसार शीघ्रातीशीघ्र विद्यालय, विद्यार्थी , शिक्षक कर्मचारी मैत्री विद्यालय शिक्षा ऐन जारी गर्न नेपाल सरकार र सङ्घीय संसदसँग परिषद्ले जोडदार माग गरेको छ।

६. वि.सं.२०८१-०८२ को ८९ दिने आन्दोलन र २९ दिने काठमाडौं केन्द्रित शैक्षिक सडक आन्दोलनमा सक्रिय सहभागी हुनुहुने सबै शिक्षक कर्मचारी साथीहरूमा तेस्रो राष्ट्रिय परिषदबाट आभार व्यक्त गरिएको छ। यसका साथै नेपाल शिक्षक महासङ्घ र यसमा आबद्ध/सम्बद्ध संस्थाका पालिका, जिल्ला, प्रदेश र केन्द्रका नेतृत्वमा रहेका सबै साथीहरूप्रति आभार व्यक्त गर्दै आन्दोलनका क्रममा भएको प्रहरी हस्तक्षेपबाट घाइते भएका र रिले अनसनमा सहभागी आन्दोलनकारी शिक्षकहरूको सक्रियताप्रति प्रशंसा र विशेष आभार व्यक्त गरिएको छ ।

७. मिति २०८२ वैशाख १९ गते नेपाल सरकार मन्त्री परिषदले गरेको शिक्षक-कर्मचारीसँग सम्बन्धित ९ बुँदे निर्णय शीघ्रातीशीघ्र कार्यान्वयन गर्न राष्ट्रिय परिषदले नेपाल सरकार समक्ष माग गरेको छ।

८. प्रारम्भिक बाल कक्षाका शिक्षक र विद्यालय कर्मचारीको लागि पद तोकी दरबन्दी सिर्जना गर्न र सो अनुसार तलबभत्ता उपलब्ध गराउन तथा सिकाइ अनुदानका शिक्षकका लागि दरबन्दी सिर्जना गरी दरबन्दीका शिक्षक सरह तलब भत्ता व्यवस्था गर्न परिषदले सरकार समक्ष माग गरेको छ।

९. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ती, खाजा रकम लगायत सहयोग र सुविधाको वृद्धि गर्न ने शि महासङ्घको तेस्रो राष्ट्रिय परिषद्ले माग गरेको छ। त्यसैगरी सामुदायिक विद्यालयमा पानी तथा विद्युत महशुल छुट गर्न समेत सरकारसँग माग गरिएको छ।

१०. नेपालले अन्तराष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिबद्धताअनुसार शिक्षाका लागि कुल बजेटको २०% लगानी गर्न तथा संविधानले गरेको प्रबन्धअनुसार आधारभूत तहसम्मको शिक्षा निशुल्क तथा अनिवार्य एवम् माध्यमिक तहसम्मको शिक्षा निशुल्क गर्ने विषय व्यवहारमा लागू गर्न सरकार समक्ष माग गर्ने निर्णय समेत परिषद्ले गरेको छ।

११. विद्यालय तहका शिक्षक-कर्मचारीको आधिकारिक पेसागत संस्था नेपाल शिक्षक महासङ्घलाई बलियो, सुदृढ र स्वायत्त पेसागत संस्थाको रुपमा काम गर्न सक्ने गरी ऐन नियमा प्रबन्ध गर्न तथा संविधान प्रदत्त पेसागत ट्रेड युनियन अधिकारको सम्मान गर्न समेत परिषद्ले सरकार समक्ष जोडदार आग्रह गरेको छ।

१२. राष्ट्रिय परिषद्ले महासचिवद्वारा प्रस्तुत साङ्गठनिक प्रतिवेदन र उप महासचिव अर्थद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन आवश्यक सुझावसहित पारित गरेको छ।

१३. नेपाल शिक्षक महासङ्घ र नेपाल सरकारबिच भएका पटक पटकका सहमती सम्बोधन हुने अग्रगामी विद्यालय शिक्षा ऐन जारी गर्ने, गुणस्तरीय विद्यालय शिक्षाको प्रबन्ध गर्ने, शिक्षामा लगानी बढाउने, विद्यालयमा हुने राजनीतिक हस्तक्षेप अन्त्य गर्ने, बालकक्षा शिक्षक , विद्यालय कर्मचारी र सिकाइ अनुदानका शिक्षकलाई तलब वृद्धि, प्रोत्साहन भत्ता र महङ्गी भत्ता उपलब्ध गराउने ,राहत साविक उमावि , अस्थायी करार, बाल कक्षा, सिकाइ अनुदान, विशेष शिक्षा , प्राविधिक धार लगायतका अस्थायी प्रकृतिका शिक्षकको पेसागत सुरक्षा, स्थायीत्व र सेवा सुविधाको प्रबन्ध गर्ने, स्थायी शिक्षकको आवधिक बढुवा र बढुवा अनुपातमा वृद्धि, निवृत्तीभरणका लागि सबै खालका स्थायी शिक्षकको नपुग सेवा अवधि थप गर्ने, विद्यालय कर्मचारी र बालकक्षा र सिकाइ अनुदानका शिक्षकको दरबन्दी सिर्जना गर्ने र सोअनुसार तलबभत्ता दिने, शिक्षा नियमावलीको दसौं संशोधनले गरेको अव्यवहारिक र शिक्षक बिरोधी सरुवा व्यवस्था परिवर्तन गरी सरुवालाई सहज र शिक्षक मैत्री गराउने,

विद्यालय व्यवस्थापन समितिका अधिकार कटौतीको सोच र प्रयत्नलाई रोक्ने, प्रधानाध्यापकलाई बलियो प्रशासनिक तथा प्राज्ञिक पदाधिकारीकोरुपमा व्यवस्था गर्ने, संस्थागत विद्यालयका शिक्षक-कर्मचारीको पेसागत सुरक्षा र उचित सेवा सुविधाको प्रवन्ध गर्ने, शिक्षक-कर्मचारीको पेसागत ट्रेड युनियन अधिकारको सुरक्षा गर्ने, शिक्षक पेसाको स्वाभिमान र सामाजिक सम्मान माथि उठाउने लगायतका विगतका र समसामयिक नयाँ शैक्षिक तथा पेसागत माग समेत समावेश गरी २०८३ भाद्रबाट आन्दोलन गर्ने निर्णय परिषद्ले गरेको छ। आन्दोलनको मिति र कार्यक्रम तय गर्ने अधिकार परिषद्वाट विस्तारित कार्यालयीय वैठकलाई प्रत्यायोजित गरिएको छ।

१४. सुनसरीको कप्तानगञ्जबाट सुरु भई मधेश प्रदेशका जिल्लाहरूमा फैलिएको विवाद र साम्प्रदायिक हिंसाप्रति परिषद्ले गम्भीर चिन्ता प्रकट गर्दै अविलम्व शान्ति वहाली गर्न तथा पीडित परिवारलाई आवश्यक क्षतिपूर्ति दिन सरकारसमक्ष माग गरेको छ। साथै सो घटनामा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवार जनमा गहिरो समवेदन प्रकट गरेको छ। यसैगरी शान्ति, एकता र सद्भाव कायम राख्ने दिशामा सक्रिय हुन त्यसक्षेत्रका सवै नागरिकहरू तथा आम जन समुदायसमक्ष आग्रह समेत गरेको छ।

१५. पाकिस्तानको ब्रड पिक हिमालको हिम पहिरोमा परी कीर्तिमानी पर्वतारोही निर्मल पुर्जा सहित थुप्रै पर्वतारोहीको निधन भएकोमा ने शि महासङ्घ तेस्रो राष्ट्रिय परिषद्ले शोक प्रकट गरेको छ। यस घटनामा परी निधन भएका निर्मल पुर्जा सहित सवै पर्वतारोहीको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरिएको छ।

तुलावहादुर थापा
महासचिव

लक्ष्मीकिशोर सुवेदी
अध्यक्ष

२०८३ साउन २२ गते